# वैठक संख्या ११

आज मिति २०७७/०१/०५ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Covid-19 Crisis Management Center (CCMC)** जिल्लागत संरचनाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कास्की | संयोजक |
| श्री मनोज थापा | सेनानी | नेपाली सेना, भगवती दल गण | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण कास्की | सदस्य |
| श्री भूमी पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| श्री | अधिकृत प्रतिनिधि | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की | आमन्त्रित |
| श्री श्रीनाथ पौडेल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री गुरुदत्त ढकाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका | आमन्त्रित |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय कास्की | आमन्त्रित |
| श्री लक्ष्मण बराल | " | " | " |
| श्री राम प्रसाद ढकाल | " | " | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

बैठक संख्याः ११

निर्णयहरु :

१. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुले व्यवस्था गरेका र आवश्यक पर्दा उपयोग गर्न सकिने क्वारेन्टाइन कक्षहरुको क्षमताको संख्यात्मक विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण । | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | - | - | - |
| २. | अन्नपूर्ण गाउँपालिका | २०५ | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | २५ | - | - | - |
| | जम्मा | ४०१ | ० | ० | ० |

२. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को Rapid Diagnostic Test गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७६।०१।०५ मा गरिएको **RDT** को विस्तृत विवरण देहाय बमोजिम रहेको ।

**जिल्ला कास्की (Rapid Diagnostic Test : मिति २०७७।०१।०५ )**

| क्र.सं. | परीक्षण भएको स्थानीय तह | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पोखरा म.न.पा. | ९२ | ९२ | - | - | |
| २ | मादी गा.पा. | ० | ० | - | - | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | |
| | जम्मा | ९२ | ९२ | - | - | |

३. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०१।०५ सम्मको नमूना संकलन तथा सो को **PCR Test** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०१।०५ सम्म | १२८ | १२३ | - | ५ | - |

४. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०१।०५ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य |
| १. | पोखरा म.न.पा. | १९५०० | ४८७५०० | ३९००० | १९५०० | १९५०० | - | १९५०० | - |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ६८५ | १७४६० | १३३० | ६८५ | ६८५ | - | - | साबुन १ गोटा मसला १ पोका बेसार १ पोका |
| ४. | मादी गा.पा. | ७५४ | १८८५० | ७५४ | ७५४ | - | ७५४ | - | - |
| ५. | रुपा गा.पा. | ३६७ | ६६२५ | ५५९ | ३९८ | ३२५ | - | - | - |
| | जम्मा | २१३०६ | ५३०४३५ | ४१६४३ | २१३३७ | २०५१० | ७५४ | १९५०० | - |

## वैठक संख्याः ११

५. हाल विश्वव्यापी महामारीको रुपमा रहेको COVID-19 को संक्रमण रोकथाम तथा नियन्त्रणको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय कास्कीमा स्वास्थ्य जाँच गर्ने प्रविधि र संयन्त्र नभएको स्थितिमा प्रहरी कर्मचारीहरुले शंकित वा प्रतिवादी पक्राउ गरी अनुसन्धान एवम् अभियोजनका लागि अदालत वा न्यायिक निकाय (जिल्ला प्रशासन कार्यालय कास्की) मा उपस्थित गराउँदा प्रहरी र पक्राउ परेका व्यक्तिहरुको Hygiene एवम् Social distance कायम गर्न, जोखिममा पर्न नदिन तथा संक्रमण फैलिन नदिन यस कार्यमा संलग्न हुने प्रहरीहरु समेतको लागि Rapid Diagnostic Test (RDT), Polymerase Chain Reaction (PCR) वा अन्य उपयुक्त प्रविधिबाट सामान्यतया हप्तामा २ (दुई) दिन परीक्षण गराउने व्यवस्था समेतको लागि तत्कालका लागि पोखरा महानगरपालिकाको शहरी स्वास्थ्य प्रवर्धन केन्द्रलाई अनुरोध गर्ने । यसका लागि आवश्यक पर्ने RDT Kit को लागि स्वास्थ्य कार्यालय कास्की र PPE को लागि प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रलाई अनुरोध गर्ने ।

६. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।